सुनिलस्मृति गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल


## पुरानो भवन लिलामको लागि बोलपत्र आह्वान सम्वन्धी सूचना

दोश्रो पटक प्रकाशित मितिः २०८२/०१/३०

सुनिलस्मृति गाउँपालिका वडा नं. २ मा अवस्थित साविक गाविस कार्यालयको पुरानो भवन जे जस्तो अवस्थामा छ भत्काएर सोही भवनमा प्रयोग भएको ढुंगा काठ फलाम लगाएतका सामान लिलाम बिक्री गर्नुपर्ने भएकोले कार्यालयले तोकेको शर्तको अधिनमा रही बोलपत्र पेश गर्न इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र रीतपूर्कको सिलबन्दी वोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ।

<u>देहायः</u>

| सि.नं. | आय ठेक्का नं. | ठेक्काको नाम | न्युनतम कवोल अंक (मू.अ.क. बाहेक) | धरौट रकम | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १. | 03/SQ/SSRM/ 2081-082 | साविकको गाविस भवन भत्काई प्रयोग भएको ढुंगा काठ फलाम लगाएतका सामान लिलाम बिक्री | रु.२,९६,०००/-(अक्षेरुपी दुई लाख छयानब्बे हजार रूपैया मात्र) | कवोल अंकको ५% | रु.१०००।०० फिर्ता नहुने गरी |

२०८२/०१/३०

(नगेन्द्र प्रसाद रिजाल)
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

**सुनिलस्मृति गाउँपालिकाको ठेक्का नं. 03/SQ/SSRM/2081-082 को मिति २०८२/०१/३० मा प्रकाशित पुरानो भवन लिलामको सिलबन्दी वोलपत्र सम्वन्धी शर्त तथा वन्देजहरु**

१. बोलपत्र खरिद गर्न इच्छुक वोलपत्रदाता (फर्म वा कम्पनी) हरुले दर्ता प्रमाणपत्र (आ.व. २०८०/०८१ सम्म नविकरण भएको),मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्र र व्यक्तिको परिचय खुल्ने कागजात (नेपाली नागरिकताको प्रमाण पत्र वा राहदानी वा सवारी चालक अनुमति पत्र) को प्रतिलिपिहरु पेश गरी सूचना प्रकाशित भएको मितिले ७ औं दिन सम्म कार्यालय समय भित्र यसै कार्यालयको राजस्व शाखावाट खरिद गरी ८ औं दिनको दिउसो १२:०० बजे सम्म शिलबन्दी वोलपत्र दर्ता गरि सक्नु पर्नेछ। तोकिएको समयभित्र दर्ता भएका वोलपत्रहरु सोहि दिनको १:०० वजे बोलपत्रदाता वा निजको प्रतिनिधि र यस गाउँपालिकाका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि वोलपत्र खोल्न कुनै वाधा पर्ने छैन। बोलपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिनलाई क्रमशः अन्तिम दिन मानिनेछ।

२. शर्त नं. १ मा उल्लेखित कागजातका अतिरिक्त वोलपत्रदाताले वोलपत्र पेश गर्दा वोलपत्र खरिद दस्तुर Global IME Bank को सुलिचौर स्थित शाखामा रहेको यस कार्यालयको राजस्व खाता ८२०४०१००००१८ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ। साथै धरौटी रकमको हकमा बोलपत्रदाताले कवोल गरेको अंकको ५ प्रतिशतका दरले हुन आउने रकम Global IME Bank को सुलिचौर स्थित शाखामा रहेको यस गाउँपालिकाको धरौटी खाता ८२०४०१००००००४ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य वैंकवाट वोलपत्र नं. र नाम उल्लेख भई १२० दिनको म्याद सहित यस कार्यालयको नाममा जारी गरेको विडवण्ड पेश गर्नु पर्नेछ।

३. म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

४. बोलपत्र स्वीकृत भइसके पछि सात दिन भित्र तोकिएको मूल्य दाखिला गरिसके पछि १५ दिन भित्रमा भवन भत्काई सामानहरु उठाई लैजानु पर्नेछ ।

५. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस कार्यालयमा रहनेछ ।

२०८२/०१/३०

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत



ईमेल: info@sunilsmritimun.gov.np, ito@sunilsmritimun.gov.np वेवसाइट:sunilsmritimun.gov.np फोन नः ०८६४०११५२.७०